**सम्मानित गाउँसभाका सभाध्यक्ष ज्यू**

**एंव सदस्य ज्यूहरु**

१.ऐरावती गाउँपालिकाको उपाध्यक्ष एंव बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकका हैसियतले यस सम्मानित सभा समक्ष आ.ब. २०७७।०७८ को बजेट प्रस्तुत गर्न पाउदा गौरववान्वित भएको छु । यस अवसरमा विभिन्न राजनीतिक परिर्वतनका  महान जनयुद्ध एंव जन अन्दोलनको क्रममा देश र जनताको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । यसैगरी राज्यको समग्र सम्बृद्धिको लागि संघर्ष गर्नुहुने महान् नेपाली नागरिक, जनयुद्ध तथा जनअन्दोलनका घाईते, बेपता परिवार एंव राजनीतिक परिवर्तनका लागि सबल एंव सक्षम नेतृत्व गर्नु हुने नेपाली राजनीतिक शिखर व्यक्तित्वप्रति हार्दिक सम्मान प्रकट गर्न चाहान्छु ।

२.आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा हामीले यस गाउँपालिकाको आ.ब. २०७७।०७८ को नीति तथा कार्यक्रम, स्थानीय सरकारले बजेट बिनियोजन गर्दा दिनुपर्ने प्राथमिकताको आधार कोभिड १९ ले ग्रामीण अर्थतन्त्रमा पारेको प्रभाव र सिर्जना भएका सम्भावित जोखिम ,दिगो विकासका लक्ष्य, यस सभाका सदस्य ज्यूहरुले दिनु भएका सुझाव, विभिन्न राजनीतिक दल, संघसंस्था, विद्धत वर्ग, स्वदेश तथा विदेशमा रहनु भएका आदरणीय आमाबुवा , दाजुभाई तथा  दिदीबहिनीहरुबाट प्राप्त रचनात्मक सुभावहरुलाई ध्यान दिइएको छ ।

**सम्मानित सभाका सभाध्यक्ष एंव सदस्य ज्यूहरु**

३.अब म गाउँपालिकाको समग्र आर्थिक स्थितिको बारेमा संक्षिप्त जानकारी गराउन चाहान्छु ।

४.संबैधानिक व्यवस्था अनुसार अघिल्लो आर्थिक वर्षको आषाढ १० गते नै बजेट प्रस्तुत भएपनि कार्यान्वयनमा देखिएका समस्याहरुले गर्दा अपेक्षित रुपमा उपलब्धी हासिल हुन सकेन । आर्थिक वर्ष २०७६।०७७ मा कुल गाउँपालिकाको सरकारी खर्च बिनियोजनको तुलनामा ८४ प्रतिशत अर्थात ३५,३८,७७,०००। हुने संशोधित अनुमान छ । कुल खर्च मध्ये चालु तर्फ बिनियोजनको ९० प्रतिशत र पुँजीगत तर्फ बिनियोजनको ७८ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ ।

५.आन्तरिक राजश्व संकलनको लक्ष्य ४०,००,०००। रहेकोमा लक्ष्य पूरा हुने अनुमान गरिएको छ । वित्तिय हस्तान्तरण तर्फ रु ३०,९२,९५,४००। परिचालन हुने संशोधित अनुमान छ ।

**सम्मानित सभाका सभाध्यक्ष एंव सदस्य ज्यूहरु**

६.अब म आगामी आर्थिक वर्ष २०७७।०७८ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**बजेटका उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।**

क) गाउँपालिकामा रहेका नागरिकहरुको जीवनयापनका न्यूनतम आधारभूत आवश्यकताहरु शीघ्र परिपूर्ति गर्दै बेरोजगारी , गरिबी र विपन्नताको अन्त्य गर्न सामाजिक परिचालन गर्ने ।

ख) मावन स्रोत, अवसर र क्षमताको विकास तथा उच्चतम उपयोग गरी द्रुत आर्थिक र मानवीय विकास गर्ने ।

ग) आर्थिक, भौतिक तथा सामाजिक , पूर्वाधारको विकास गरी सुदृढ र समुन्नत ऐरावतीको निर्माण गर्ने ।

७.आर्थिक वर्ष २०७७।०७८ को बजेटका प्राथामिकताहरु तपसिल बमोजिम निर्धारण गरीएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

क) सबै नागरिकहरुलाई काम र रोजगारीको अवसर सिर्जना गर्ने क्षेत्रहरुको प्रवर्द्धन ।

ख) शिक्षा तथा स्वास्थ्य लगायतका सामाजिक क्षेत्रको विकास मार्फत द्रुत मावन विकास ।

ग) समन्यायिक आर्थिक बृद्धिदर हासिल गर्न कृषि तथा लघु उद्यम विकास ।

घ) कोभिड १९ को प्रभावको व्यवस्थापन

ङ) सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिबृद्धि तथा नागरिकलाई अनुभूति हुने प्रकारको सुशासन ।

८.आगामी आर्थिक वर्ष २०७७।०७८ को लागि अन्तर सरकारी वित्तिय हस्तान्तरण र अन्तरिक आयबाट गरी कुल रु **५१ करोड ८२ लाख ७० हजारको आय** , व्यय अनुमान पेश गरिएको छ ।

९.अब म वडा गत रुपमा छनौटमा परेका योजनाहरु बहेकको क्षेत्रगत कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमती चाहन्छु । वडागत रुपमा छनौट भएका योजनाहरुको सुचि यसै साथ संलग्न गरेको छु ।

## आर्थिक विकास तर्फ :

१०.गाउँपालिका भित्रै स्व-रोजगारका अवसरहरु सिर्जना गर्दै समन्यायिक आर्थिक विकासमा जोड दिन संबृद्धिका लागि सामाजिक परिचालनका गर्दै कृषि उत्पादन सर्वाजनिक निर्माण व्यवसाय प्रवद्धन र नागरिक जीवनका हरेक क्षेत्रमा तहगत कार्य सम्पादन सम्झौता गरी सम्बृद्ध गाउँपालिका निर्माणमा सम्पूर्ण गाउँपालिकाबासीको योगदान पहिचान हुने गरी कार्यक्रम अगाडी बाढउन रु १ करोड बिनियोजन गरिएको छ । यसबाट रोजगारीका अवसर विस्तार जीवन स्तरमा सुधार र गरीबी निवारणमा ठोस योगदान पुग्ने अपेक्षा गरिएको छ । यसले उत्पादनमा सहकारीताको भावनालाई समेत सहकार्य रुप प्रादन गर्ने र यसको सफल कार्यान्वयन नै समग्र गाउँपालिकाको गौरब र राष्ट्र कै लागि एक असल अभ्यास बन्ने समेत अपेक्षा गरिएको छ ।

११. वडागत पहिचान कार्यक्रम मार्फत पर्यटन क्षेत्रको विकास गर्दै समग्र ऐरावती गाउँपालिकाको छुटै पहिचान स्थापित गर्ने उद्देश्यका साथ रु ६० लाख बजेट बिनियोजन गरिएको छ। सो को व्यवस्थापन एंव सञ्चालन वडा स्तरबाटै गर्ने व्यवस्था मिलाईएको छ।

१२. विगतको अनुदान प्रणाली निस्प्रभावी रहेको सन्दर्भमा कृषकहरुको उत्थानशिलताका लागि सर्शत अनुदानका अतिरिक्त उत्पादनमा आधारित प्रोत्साहन, कृषि उत्पादन सामाग्रीको यथोचित समयमा उपलब्धता, कृषकले लिएको अनुदान ऋणको व्याजमा अनुदान योजनाका लागि कुल रु ९५ लाख बजेट बिनियोजन गरिएको छ।

१३.कड्कुरा पौडि जलासय र Fishing spot सञ्चालनका लागि रु १५ लाख बजेट बिनियोजन गरिएको छ।

१४.लघु उद्यम विकासको लागि सर्शत अनुदानका अतिरिक्त औद्योगिक ग्राम स्थापनाको लागि रकम रु ५० लाख बिनियोजन गरिएको छ।

१५.सिपमुलक र दक्ष जनशक्ति उत्पादनका लागि तालिम सञ्चालन गर्न आवश्यक रकम व्यवस्था गरिएको छ।

१६. उद्योगी व्यवसायीहरुको मनोबल उच्च राख्दै सहकार्यको भावनालाई सुदृढ तुल्याउन कर फिर्ता योजना एंव उद्योग बाणिज्य संघको भवन निर्माणमा साझेदारीका लागि समेत रु २५ लाख बिनियोजन गरिएको छ।

**सामाजिक विकास तर्फ :**

१७.आधारभूत तह सम्मको शिक्षा पूर्ण रुपमा निशुल्क गर्न रु १ करोड ३० लाख बिनियोजन गरिएको छ।

१८.गुणस्तरीय एंव व्यावहारिक शिक्षाका लागि सशर्त अनुदान बाहेक शिक्षा तथा खेलकुद क्षेत्रमा रु २ करोड ४ लाख ५० हजार बिनियोजन गरिएको छ। गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिताका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ।

१९.स्वस्थ खानेपानीमा  जनताको पहुँच अभिबृद्धी गर्न यसै वर्ष बरौला लिफ्ट खानेपानी आयोजना , तिल्केनी चुत्रेनी खानेपानी आयोजना , दाङवाङ लिफ्ट खानेपानी आयोजना लगायतका आयोजनाहरु र सरसफाई कार्यक्रमका लागि रु ४ करोड ७२ लाख बिनियोजन गरिएको छ।

२० .स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गर्दै बालबालिका, महिला, जेष्ठ नागरिकको स्वास्थ्य सेवामा विशेष पहुँच पुऱ्याउन आवश्यक बजेटको व्यवस्था मिलाएको छ। सशर्त अनुदानका अतिरिक्त यस गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रका लागि रु १ करोड बिनियोजन गरिएको छ।

२१.महिला , बालबालिका , अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्गको सशक्तीकरण एंव सबलीकरणका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ। हिंसा पिडित महिला तथा बालबालिकाका लागि सेफ हाउस सञ्चालन गर्न रु १० लाख बिनियोजन गरिएको छ।

२२.जेष्ठ नागरिक हेरचाह सम्मान कार्यक्रम , अनाथ बालबालिकाका लागि सामाजिक सुरक्षा रकम, बालबालिका -जेष्ठ नागरिक अन्तर संबाद कार्यक्रम एंव जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालनका लागि रु ९ लाख ५० हजार बिनियोजन गरिएको छ।

२३. लक्षित वर्गको पहिचान पहुच प्रतिनिधित्व र प्रतिफलमा समेत अधिकार स्थापित गर्ने व्यवस्था मिलाउन सशक्तीकरण र सहयोगको दुबै नीति एकै साथ कार्यान्वयनमा ल्याउन आवश्यक बजेटको व्यवस्था मिलाईएको छ।

**<u>पूर्वाधार विकास तर्फ :</u>**

२४.गाउँपालिकाको आफ्नै भवन निर्माण तथा १ र ६ नं. वडा कार्यालय भवन निर्माण यसै आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी रु १ करोड ७८ लाख बिनियोजन गरिएको छ। गाउँपालिका भवनका लागि नपुग हुने रकम संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत माग गर्ने व्यवस्था मिलाईएको छ।

२५.गाउँपालिकामा सडक नपुगेका स्थानमा आगामी २ वर्ष भित्र सडक पुऱ्याउने गरी सडक निर्माण तथा स्तरोन्नतीका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ। ऐरावती बरौला जोडने सडक र झिमरुक माडिखोला जोडने सडकलाई प्राथमिकतामा राखी बजेट बिनियोजन गरिएको छ।

२६.खरको छाना विस्थापन कार्यक्रमलाई निरन्तरता दिन प्रदेश सरकारसँगको साझेदारीमा  रु १ करोड बिनियोजन गरिएको छ।

२७.भौतिक पूर्वाधारहरुको मर्मत संभारलाई नियमित तुल्याउन मर्मत संभार विशेष कोष स्थापना गरी सञ्चालन ल्याउनको लागि  रु .१५ लाख बिनियोजन गरिएको छ।

२८.यस गाउँपालिकामा ट्रेकिङ्ग रुटको सम्भाव्यता अध्ययन गरी  निर्माण सुरुवात गर्नका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

२९.कृषि उत्पादनका लागि सिचाई सुविधा उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरिएको छ। सिचाई सुविधा विस्तारका लागि रु ६६ लाख ७० हजार बजेट बिनियोजन गरिएको छ। यसैगरी बारी सिंचाईका लागि रिचार्ज पोखरी र थोपा सिंचाई कार्यक्रमको लागि बजेट बिनियोजन गरिएको छ।

३०.गाउँपालिकालाई ईन्टरनेट सुविधायुक्त बनाउन आफ्नै लगानीमा ईन्टरनेट सञ्चालन गर्ने गरी ५० लाख बजेट बिनियोजन गरिएको छ।

३१.गाउँपालिका भित्रका सबै सार्वजनिक निकायको कार्यक्षमता अभिबृद्धि गर्ने र असल अभ्यासको अनुशरण गर्ने कार्यका लागि यथेष्ट बजेट बिनियोजन गरिएको छ । संबेदनशील सार्वजनिक स्थलहरुमा CC TV जडानका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

३२.गाउँ कार्यपालिकाको कार्यालयलाई सूचना प्रविधिमैत्री तुल्याउन आवश्यक मेसिनरी औजार तथा सफ्टवेयर निर्माणका लागि रु १३ लाख ५० हजार बजेट बिनियोजन गरिएको छ ।

३३.टोल विकास संस्थाहरुको गठन र सशक्त परिचालनका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ । गाउँपालिकाको डिजिटल प्रोफाईल र आवधिक योजना यसै आर्थिक वर्षमा सम्पन्न गर्ने गरी रु २१ लाख बजेट बिनियोजन गरिएको छ ।

३४. वन तथा बाताबरण संरक्षणका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ । कोभिड १९ जस्ता संक्रमक रोग नियन्त्रण तथा विपद व्यवस्थापनका लागि रु १ करोड बिनियोजन गरिएको छ ।

३५. जनताका सम्पूर्ण अपेक्षालाई बजेट व्यवस्थाले सम्बोधन गर्न नसकेता पनि बजेटलाई अधिकतम जनमुखी बनाउने प्रयास गरिएको व्यहोरा निबेदन गर्दछु ।

**सम्मानित सभाका सभाध्यक्ष एंव सदस्य ज्यूहरु :**

कोभिड १९ ले समग्र अर्थतन्त्रमा पारेको नकारात्मक प्रभावको परिबेशमा यो बजेट प्रस्तुत गरिएको व्यहोरा अवगत नै छ । बजेट तथा कार्यक्रममा रहेका सीमितताका बाबजुद आगामी आ.ब. २०७७०७८ मा सामाजिक परिचालनलाई तिब्रता प्रदान गरी अर्थव्यवस्थालाई थप विग्रन नदिन सचेतता अपनाईएको छ ।

यस गाउँपालिकाको यो वार्षिक बजेट तथा कार्यक्रम तयार गर्न मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय गाउँपालिका अध्यक्ष श्री नवील विक्रम शाह ज्यू, कार्यपालिका सदस्य ज्यूहरु तथा सभाका सदस्य ज्यूहरु र आफ्नो विज्ञताको भरपूर उपयोग गरी हामीलाई सहयोग गर्नुहुने प्रमूख प्रशासकीय अधिकृत लगायतको कर्मचारी परिवारप्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु । कार्यान्वायनमा शिघ्रता, गुणस्तरीयता एंव सबैको अर्थपूर्ण सहभागिताको अपेक्षा गर्दछु ।

**धन्यबाद**